# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७६/७७

**निक्षेप तथा कर्जा सुरक्षण कोष**

टंगाल, काठमाण्डौ

नेपाल

# निक्षेप तथा कर्जा सुरक्षण कोष

## सञ्चालक समिति



**श्री रामशरण पुडासैनी**
(सचिव-राजश्व)
अर्थ मन्त्रालय
**अध्यक्ष**



**डा. श्री रामप्रसाद घिमिरे**
(सह-सचिव)
**अर्थ मन्त्रालय**
**आर्थिक नीति विश्लेषण महाशाखा**
सञ्चालक



**श्री मान बहादुर के.सी.**
(सह-सचिव)
**कानून मन्त्रालय**
सञ्चालक



**श्री ऋषिकेश भट्ट**
(कार्यकारी निर्देशक)
**नेपाल राष्ट्र बैंक**
सञ्चालक



**श्री उपेन्द्र कुमार पौडेल**
(मनोनित)
सञ्चालक



**श्री प्रकाशजंग थापा**
(मनोनित)
सञ्चालक



**श्री बिष्णु बाबु मिश्र**
प्रमुख कार्यकारी अधिकृत
तथा
सदस्य सचिव

# विषय-सूची


| सि.नं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १. | निक्षेप तथा कर्जा सुरक्षण कोषको संक्षिप्त परिचय | १ |
| २. | लेखा परीक्षकको प्रतिवेदन | १० |
| ३. | वित्तीय अवस्थाको विवरण | १३ |
| ४. | आय व्ययको विवरण | १४ |
| ५. | अन्य विस्तृत आम्दानीको विवरण | १५ |
| ६. | निक्षेप सुरक्षणको आय व्ययको विवरण | १६ |
| ७. | निक्षेप सुरक्षणको अन्य विस्तृत आम्दानीको विवरण | १७ |
| ८. | कर्जा सुरक्षणको आय व्ययको विवरण | १८ |
| ९. | कर्जा सुरक्षणको अन्य विस्तृत आम्दानीको विवरण | १९ |
| १०. | नगद प्रवाह विवरण | २० |
| ११. | इक्वीटीमा भएको परिवर्तनको विवरण | २१ |
| १२. | अनुसूचीहरु | २२ |
| १३. | निक्षेप, कर्जा तथा पशुधन सुरक्षण सम्बन्धी विवरणहरु | ३८ |

# निक्षेप तथा कर्जा सुरक्षण कोषको संक्षिप्त परिचय

## १. स्थापना

२०३१ साल आश्विन ४ गते ।

## २. कार्यालय

कोषको केन्द्रीय कार्यालय काठमाडौंमा र शाखा कार्यालयहरु विराटनगर, जनकपुर, चितवन, पोखरा, बुटवल, सुर्खेत र धनगढीमा संचालनमा ल्याइएको छ ।

## ३. कर्मचारी संख्या

कोषमा स्वीकृत दरबन्दी ८२ रहेतापनि हाल विभिन्न तहका गरी ४१ जना स्थायी र १९ जना करार गरी जम्मा ६० जना कर्मचारीहरु कार्यरत छन् ।

## ४. उद्देश्य

(क) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा प्राकृतिक व्यक्तिको नाममा कल, चल्ती, बचत तथा मुद्दति खातामा प्रति निक्षेपकर्ता प्रति बैंक/वित्तीय संस्थामा रहेको रु. ३ लाख सम्मको निक्षेप रकमको सुरक्षण गर्ने ।

(ख) बैंक तथा वित्तीय संस्थाले साना तथा मझौला उद्यम, कृषि, लघु वित्त तथा विपन्न वर्ग, शैक्षिक तथा शैक्षिक बेरोजगार व्यवसाय र निर्यात क्षेत्रमा प्रवाह गरेको कर्जाको सुरक्षण गर्ने ।

(ग) बाणिज्य बैंक, वित्तीय संस्था, सहकारी संस्था, वित्तीय मध्यस्थताको कार्य गर्ने संस्था तथा पशुधनको क्षेत्रमा कार्य गर्ने अन्य संगठित संस्थाबाट पशुधन कर्जा लिई खरीद गरिएको पशुधनको सुरक्षण गर्ने ।

## ५. पूंजी

| | |
|---|---|
| अधिकृत पूँजी | रु. १० अर्ब |
| चुक्ता पूँजी | रु. १० अर्ब |

## ६. शेयरधनी

| शेयरधनी | शेयर रकम | हिस्सा % मा |
|---|---|---|
| नेपाल सरकार............................ | रु.९,००,००,००,०००। - | ९०.०० |
| नेपाल राष्ट्र बैंक.......................... | रु.१,००,००,००,०००। - | १०.०० |
| **जम्मा :** | **रु.१०,००,००,००,०००। -** | **१००.००** |

## ७. सञ्चालक समिति

| सञ्चालक समिति | प्रतिनिधिहरु |
|---|---|
| नेपाल सरकार | ५ |
| नेपाल राष्ट्र बैंक | १ |
| कोषको प्रमुख कार्यकारी अधिकृत, सदस्य सचिव | १ |
| **जम्मा** | **७** |

## ८. निक्षेप सुरक्षण

### ८.१ सुरक्षण

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा प्राकृतिक व्यक्ति निक्षेपकर्ताको नाममा कल, चल्ती, बचत र मुद्दती खाता समेत गरी प्रति निक्षेपकर्ता प्रति बैंक/वित्तीय संस्थामा रहेको बढीमा रु. तीन लाखसम्मको निक्षेपको कोषमा स्वतः सुरक्षण हुने व्यवस्था रहेको छ।

### ८.२ संलग्न बैंक तथा वित्तीय संस्था

नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त "क" वर्गका २७ वटा, "ख" वर्गका २३ वटा, "ग" वर्गका २१ वटा र "घ" वर्गका २ वटा गरी ७३ वटा बैंक तथा वित्तीय संस्थाहरु यस कार्यक्रममा संलग्न रहेका छन्।

### ८.३ सुरक्षण शुल्क

कोषमा निक्षेप सुरक्षण गराए वापत बैंक तथा वित्तीय संस्थाको सुरक्षण हुने निक्षेपको ०.१६ प्रतिशत अर्थात प्रति सय रुपैंयामा सोह्र पैसाका दरले वार्षिक सुरक्षण शुल्क तोकिएको छ।

### ८.४ दाबी भुक्तानी

कोषमा सुरक्षण गरिएको निक्षेप रहेका बैंक तथा वित्तीय संस्था लिक्वीडेशनमा गएको घोषणा भएमा प्राकृतिक व्यक्ति निक्षेपकर्ताको नाममा कल, चल्ती, बचत र मुद्दती खाता समेत गरी बढीमा रु. तीन लाखसम्मको रकम लिक्वीडेटर मार्फत सम्बन्धित निक्षेपकर्तालाई कोषले भुक्तानी दिने व्यवस्था रहेको छ।

## ९. कर्जा सुरक्षण

### ९.१ साना तथा मझौला उद्यम कर्जा

#### ९.१.१ सुरक्षण

साना तथा मझौला उद्यम अन्तर्गत व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई स्थिर तथा चालू पूंजीको लागि धितो लिई बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जाको कोषले सुरक्षण गर्ने व्यवस्था गरेको छ।

#### ९.१.२ संलग्न बैंक

साना तथा मझौला उद्यम कर्जा सुरक्षण अन्तर्गत बैक अफ काठमाडौं, सिटिजन्स बैंक इन्टरनेशनल लि., लक्ष्मी बैंक लि. र प्रोग्रशिभ फाइनान्स लि. ले कोषसंग सम्झौता गरी यस क्षेत्रमा लगनी गरेको कर्जा सुरक्षण गराइरहेका छन्।

#### ९.१.३ कर्जा सुरक्षण सीमा

साना तथा मझौला उद्योग र सेवा व्यवसायमा बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको रु. ५० लाखसम्मको एकल कर्जा रकम (साँवा र ब्याज) कोषसँग भएको सम्झौता पश्चात स्वत सुरक्षण हुने व्यवस्था गरिएको छ। कोषको स्वीकृति लिई लगानी गरिने कर्जाको सुरक्षण सीमा रु. ३ करोड सम्म पुऱ्याइएको छ।

#### ९.१.४ सुरक्षण शुल्क

साना तथा मझौला उद्यम कर्जा अन्तर्गत सुरक्षण हुने कर्जाको बाँकी साँवा र ब्याज रकमको वार्षिक ०.६% प्रति वर्षका दरले कोषलाई सुरक्षण शुल्क बुझाउनु पर्नेछ। निर्धारित ०.६% सुरक्षण शुल्क मध्ये सदस्य संस्थाले प्रत्येक वर्ष पौष र आषाढ मसान्तमा बाँकी रहने सावाँ र ब्याज रकमको ०.३०% प्रति वर्ष अर्थात ०.१५% अर्धवार्षिकका दरले कर्जाको सुरक्षण शुल्क कोषलाई बुझाउनु पर्नेछ।

#### ९.१.५ दाबी भुक्तानी

निर्धारित भुक्तानी म्यादभित्र कोषमा सुरक्षण भएका कर्जा असुल उपर हुन नसकेमा असुल उपर हुन बाँकी साँवा र ब्याज रकम भुक्तानीको लागि बैंक तथा वित्तीय संस्थाले कोषसंग दाबी गर्न सक्ने र यसरी दाबी गरेको साँवा र ब्याज रकमको रु. ५० लाख सम्मको कर्जाको ८०% र रु ५० लाख भन्दा माथि रु २ करोडसम्मको कर्जाको ७०% का दरले कोषले बैंक तथा वित्तीय संस्थालाई दाबी भुक्तानी गर्ने व्यवस्था रहेको छ।

## ९.२ कृषि कर्जा

### ९.२.१ सुरक्षण

कृषि कर्जा अन्तर्गत व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई स्थिर तथा चालू पूंजीको लागि धितो लिई बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जाको कोषले सुरक्षण गर्ने व्यवस्था गरेको छ।

### ९.२.२ संलग्न बैंक

कृषि कर्जा सुरक्षण सुरक्षण अन्तर्गत बैंक अफ काठमाडौं, सिटिजन्स बैंक इन्टरनेशनल लि., लक्ष्मी बैंक लि., प्रोग्रशिभ फाइनान्स लि र सृजना फाइनान्स लि. ले कोषसंग सम्झौता गरी यस क्षेत्रमा लागनी गरेको कर्जा सुरक्षण गराइरहेको छन्।

### ९.२.३ कर्जा सुरक्षण सीमा

कृषि व्यवसायमा बैंक वा वित्तीय संस्थाले प्रदान गरेको रु. ५० लाखसम्मको एकल कर्जा रकम (साँवा र ब्याज) कोषसँग भएको सम्झौता पश्चात स्वत सुरक्षण हुने व्यवस्था गरिएको छ। कोषको स्वीकृति लिई लगानी गरिने कर्जाको सुरक्षण सीमा रु. ३ करोड सम्म पुऱ्याइएको छ।

### ९.२.४ सुरक्षण शुल्क

कृषि कर्जा अन्तर्गत सुरक्षण हुने कर्जाको बाँकी साँवा र व्याज रकमको वार्षिक ०.६% प्रति वर्षका दरले कोषलाई सुरक्षण शुल्क बुझाउनु पर्नेछ। निर्धारित ०.६% सुरक्षण शुल्क मध्ये सदस्य संस्थाले प्रत्येक वर्ष पौष र आषाढ मसान्तमा बाँकी रहने सावाँ र व्याज रकमको ०.३०% प्रति वर्ष अर्थात ०.१५% अर्धवार्षिकका दरले कर्जाको सुरक्षण शुल्क कोषलाई बुझाउनु पर्नेछ।

### ९.२.५ दाबी भुक्तानी

निर्धारित भुक्तानी म्यादभित्र कोषमा सुरक्षण भएका कर्जा असुल उपर हुन नसकेमा असुल उपर हुन बाँकी साँवा र व्याज रकम भुक्तानीको लागि बैंक तथा वित्तीय संस्थाले कोषसंग दाबी गर्न सक्ने र यसरी दाबी गरेको साँवा र व्याज रकमको रु. ५० लाख सम्मको कर्जाको ८०% र रु ५० लाख भन्दा माथि रु २ करोडसम्मको कर्जाको ७०% का दरले कोषले बैंक तथा वित्तीय संस्थालाई दाबी भुक्तानी गर्ने व्यवस्था रहेको छ।

## ९.३ लघु वित्त तथा विपन्न वर्ग कर्जा

### ९.३.१ सुरक्षण

प्रचलित कानून बमोजिम धितो सुरक्षण नलिई सामूहिक जमानीमा वा धितो लिई कर्जा प्रदान गर्न योग्य ऋणीलाई सदस्य संस्थाले लघु वित्त तथा विपन्न वर्ग कर्जा कार्यक्रम अन्तर्गत प्रवाह गरेको कर्जा कोषमा सुरक्षण हुने व्यवस्था रहेको छ।

### ९.३.२ संलग्न बैंक तथा वित्तीय संस्था

लघु वित्त तथा विपन्न वर्ग कर्जा अन्तर्गत ५१ वटा भन्दा बढी बैंक/वित्तीय संस्थाले यस कार्यक्रम संचालन गर्न कोषसंग संझौता गरी कर्जा सुरक्षण गराइरहेका छन्।

### ९.३.३ कर्जा सुरक्षण सीमा

लघु वित्त तथा विपन्न वर्ग कर्जा कार्यक्रम अन्तर्गत बैंक तथा वित्तीय संस्थाले कोषसँग संझौता गरे पश्चात प्रदान गरेको देहाय वमोजिमको कर्जा रकम कोषमा सुरक्षण हुने व्यवस्था गरिएको छः

(क) विना धितो सामूहिक जमानीमा सदस्य संस्थाले प्रति व्यक्ति रु. १० लाख सम्म प्रदान गरेको कर्जा त्यस्तो कर्जा प्रदान भएको मितिदेखि नै कोषमा स्वतः सुरक्षण भएको मानिनेछ।

(ख) शैक्षिक प्रमाणपत्र धितो जमानीमा लगानी गरेको कर्जामा प्रति व्यक्ति रु.७ लाख सम्म प्रदान गरेको कर्जा त्यस्तो कर्जा प्रदान भएको मितिदेखि नै कोषमा स्वतः सुरक्षण भएको मानिनेछ।

(ग) धितो लिई सदस्य संस्थाले प्रति व्यक्ति रु. २० लाख सम्म प्रदान गरेको कर्जा प्रदान भएको मितिदेखि नै कोषमा सुरक्षण भएको मानिने छ ।

(घ) वैदेशिक रोजगारबाट सीप मूलक तालिम लिई फर्केका युवा तथा दलित समुदायका व्यक्तिलाई सामूहिक जमानी वा परियोजना धितो अन्तर्गत लगानी गरिएको कर्जाको हकमा रु. १० लाखसम्म प्रदान गरेको कर्जा त्यस्तो कर्जा प्रदान भएको मितिदेखि नै कोषमा स्वतः सुरक्षण भएको मानिनेछ ।

(ङ) लघु वित्त तथा विपन्न वर्ग कर्जा अन्तर्गत कोषको पूर्व सहमति लिई महिलाहरुद्वारा प्रवर्द्धित लघु उद्यम कर्जाहरुमा परियोजना धितो, व्यक्तिगत वा सामूहिक जमानी समेत लिई दिइएको रु. १५ लाखसम्मको कर्जा प्रदान भएको मितिदेखि नै कोषमा सुरक्षण भएको मानिनेछ ।

### ९.३.४ सुरक्षण शुल्क

लघु वित्त तथा विपन्न वर्ग कर्जा अन्तर्गत सुरक्षण हुने कर्जाको बाँकी साँवा र व्याज रकमको वार्षिक ०.८% प्रति वर्षका दरले कोषलाई सुरक्षण शुल्क बुझाउनु पर्नेछ । निर्धारित ०.८% सुरक्षण शुल्क मध्ये सदस्य संस्थाले प्रत्येक वर्ष पौष र आषाढ मसान्तमा बाँकी रहने सावाँ र व्याज रकमको ०.४% प्रति वर्ष अर्थात ०.२% अर्धवार्षिकका दरले कर्जाको सुरक्षण शुल्क वापत सदस्य संस्थाले कोषलाई बुझाउनु पर्नेछ ।

### ९.३.५ दाबी भुक्तानी

निर्धारित भुक्तानी म्यादभित्र कोषमा सुरक्षण भएका कर्जा असुल उपर हुन नसकेमा सो कर्जाको असुल उपर हुन बाँकी कर्जा रकम भुक्तानीको लागि बैंक तथा वित्तीय संस्थाले कोषसंग दाबी गर्न सक्नेछन् । यसरी दाबी गरेको रकमको ७५% ले हुने रकम कोषले बैंक तथा वित्तीय संस्थालाई दाबी भुक्तानी गर्ने व्यवस्था रहेको छ ।

## ९.४ शैक्षिक कर्जा तथा शैक्षिक वेरोजगार व्यवसाय कर्जा

### ९.४.१ सुरक्षण

प्रचलित कानून बमोजिम धितो सुरक्षण नलिई सामूहिक जमानीमा वा धितो लिई कर्जा प्रदान गर्न योग्य ऋणीलाई सदस्य संस्थाले शैक्षिक कर्जा तथा शैक्षिक वेरोजगार व्यवसाय कर्जा कार्यक्रम अन्तर्गत प्रवाह गरेको कर्जा कोषमा सुरक्षण हुने व्यवस्था रहेको छ ।

### ९.४.२ संलग्न बैंक तथा वित्तीय संस्था

शैक्षिक कर्जा तथा शैक्षिक वेरोजगार व्यवसाय कर्जा अन्तर्गत सिटिजन्स बैंक इन्टरनेशनल लि., साँग्रिला डेभलप्मेन्ट बैंक, समृद्धि फाइनान्स र बेस्ट फाइनान्स लि. ले यस कार्यक्रम संचालनको लागि कोषसंग संझौता गरेका छन् ।

### ९.४.३ कर्जा सुरक्षण सीमा

शैक्षिक कर्जा तथा शैक्षिक वेरोजगार व्यवसाय कर्जा कार्यक्रम अन्तर्गत बैंक तथा वित्तीय संस्थाले कोषसँग संझौता गरे पश्चात प्रदान गरेको देहाय वमोजिमको कर्जा रकम कोषमा सुरक्षण हुने व्यवस्था गरिएको छः

(क) नेपाल सरकारले विपन्न, सीमान्तकृत समुदाय र लक्षित वर्ग भनी परिभाषित गरेका व्यक्तिमध्ये सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट सिफारिस प्राप्त व्यक्तिलाई सदस्य संस्थाले प्रवाह गरेको रु. १० लाख सम्मको शैक्षिक कर्जाको सुरक्षण गर्नेछ ।

(ख) व्यवसायिक तालीम लिई व्यवसाय स्थापना तथा सञ्चालन गर्न नेपाल सरकारले विपन्न, सीमान्तकृत समुदाय र लक्षित वर्ग भनी परिभाषित गरेका व्यक्तिमध्ये गाउँपालिका वा नगरपालिकाबाट सिफारिस प्राप्त शैक्षिक बेरोजगार व्यक्तिलाई सदस्य संस्थाले बिना धितो वा सामुहिक जमानीमा प्रवाह गरेको रु. ५ लाखसम्मको कर्जाको सुरक्षण गर्नेछ ।

#### ९.४.४ सुरक्षण शुल्क

शैक्षिक कर्जा तथा शैक्षिक बेरोजगार व्यवसाय कर्जा अन्तर्गत सुरक्षण हुने कर्जाको बाँकी साँवा र व्याज रकमको वार्षिक १% प्रति वर्षका दरले कोषलाई सुरक्षण शुल्क बुझाउनु पर्नेछ। निर्धारित १% सुरक्षण शुल्क मध्ये सदस्य संस्थाले प्रत्येक वर्ष पौष र आषाढ मसान्तमा बाँकि रहने सावाँ र व्याज रकमको ०.५% प्रति वर्ष अर्थात ०.२५% अर्धवार्षिकका दरले कर्जाको सुरक्षण शुल्क वापत सदस्य संस्थाले कोषलाई बुझाउनु पर्नेछ।

#### ९.४.५ दाबी भुक्तानी

निर्धारित भुक्तानी म्यादभित्र कोषमा सुरक्षण भएका कर्जा असुल उपर हुन नसकेमा सो कर्जाको असुल उपर हुन बाँकी कर्जा रकम भुक्तानीको लागि बैंक तथा वित्तीय संस्थाले कोषसंग दाबी गर्न सक्नेछन्। यसरी दाबी गरेको रकमको ८०% ले हुने रकम कोषले बैंक तथा वित्तीय संस्थालाई दाबी भुक्तानी गर्ने व्यवस्था रहेको छ।

### ९.५ निर्यात कर्जा

#### ९.५.१ सुरक्षण

प्रचलित कानून बमोजिम योग्य ऋणीलाई सदस्य संस्थाले निर्यात कर्जा कार्यक्रम अन्तर्गत प्रवाह गरेको कर्जा कोषमा सुरक्षण हुने व्यवस्था रहेको छ। बेस्ट फाइनान्स लि. र समृद्धि फाइनान्स लि. ले निर्यात कर्जा कार्यक्रम संचालन गर्न कोषसंग संझौता गरेका छन्।

#### ९.५.२ कर्जा सुरक्षण सीमा

निर्यात कर्जा कार्यक्रम अन्तर्गत बैंक तथा वित्तीय संस्थाले कोषसँग संझौता गरे पश्चात प्रदान गरेको देहाय वमोजिमको कर्जा रकम कोषमा सुरक्षण हुने व्यवस्था गरिएको छः

(क) सदस्य संस्थाले प्रवाह गरेको रु १० लाखसम्मको कर्जाको सुरक्षण कोषले गर्नेछ।

(ख) रु २ लाख भन्दा बढी रु. १० लाख रुपैयाँसम्मको कर्जाको सुरक्षण गराउन चाहेमा सदस्य संस्थाले त्यस्तो कर्जा प्रवाह गर्नु अघि कोषको पूर्व स्वीकृति लिनु पर्नेछ।

#### ९.५.३ सुरक्षण शुल्क

निर्यात कर्जा अन्तर्गत सुरक्षण कर्जाको बाँकी साँवा व्याज जोड्दा हुन आउने रकमको प्रतिवर्ष १ % का दरले हुन आउने रकम वार्षिक सुरक्षण शुल्क बापत कोषमा बुझाउनु पर्नेछ। निर्धारित १% सुरक्षण शुल्क मध्ये सदस्य संस्थाले प्रत्येक वर्ष पौष र आषाढ मसान्तमा बाँकि रहने सावाँ र व्याज रकमको ०.५% प्रति वर्ष अर्थात ०.२५% अर्धवार्षिकका दरले कर्जाको सुरक्षण शुल्क वापत सदस्य संस्थाले कोषलाई बुझाउनु पर्नेछ।

#### ९.५.४ दाबी भुक्तानी

सुरक्षण गरेको निर्यात कर्जाको हकमा रु २ लाखसम्मको कर्जाको बाँकी साँवा र ब्याज रकमको ८०% र सोभन्दा माथि रु १० लाखसम्मको कर्जाको हकमा बाँकी साँवा र ब्याज रकमको ७०% का दरले दाबीको भुक्तानी दिइनेछ।

## १०. पशुधन सुरक्षण

### १०.१ सुरक्षण

दुग्ध उत्पादन, टाँगा व्यवसाय, प्रजनन, ढुवानी, मासु उत्पादन, जोताई आदि प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाले प्रति पशु अधिकतम रु.१ लाख ५० हजार सम्म प्रदान गरेको कर्जाबाट खरीद गरेको विभिन्न किसिमका पशुधनहरू कोषमा सुरक्षण हुने व्यवस्था गरिएको छ।

### १०.२ संलग्न बैंक तथा वित्तीय संस्था

पशुधन सुरक्षण अन्तर्गत लक्ष्मी बैंक लि., ग्रामीण विकास लघुबित्त वित्तीय संस्था लि., निर्धन उत्थान लघुबित्त वित्तीय संस्था लि., छिमेक लघु वित्त लघुबित्त वित्तीय संस्था लि., डिप्रोक्स लघुबित्त वित्तीय संस्था लि., नेरुडे लघु वित्त लघुबित्त वित्तीय संस्था लि., मुक्तिनाथ विकास बैंक लि., स्वरोजगार लघु वित्त वित्तीय संस्था लि., सत्यवति लघु वित्त वित्तीय संस्था लि., त्रिलोक लघु वित्त वित्तीय संस्था लि., सिद्धादर्थ सहकारी, स्पर्श लघु वित्त वित्तीय संस्था लि., सबैको लघु वित्त वित्तीय संस्था लि., कालिका लघु वित्त वित्तीय संस्था लि., नेपाल एग्रो लघु वित्त वित्तीय संस्था लि. लगायत अन्य बैंक तथा वित्तीय संस्था र वित्तीय मध्यस्थताको कार्य गर्ने संस्था यस कार्यक्रममा संलग्न हुने गरी कोषसँग सम्झौता गरेका छन् ।

### १०.३ सुरक्षण शुल्क

पशुधन सुरक्षण अन्तर्गत पशुधनको हकमा रु २० हजार तथा ठूला पशुधनको हकमा रु १ लाख ५० हजार सम्मको सुरक्षण रकमको वार्षिक ५ प्रतिशत सुरक्षण शुल्क वुझाउनु पर्ने व्यवस्था रहेकोमा नेपाल सरकारबाट २.५ प्रतिशत अनुदान दिने र बाकी २.५ प्रतिशत ऋणी तथा कृषकले नै व्यहोर्ने व्यवस्था रहेको छ ।

### १०.४ क्षतिपूर्ति प्रतिशत

सुरक्षण भएको पशुधनको मृत्यु भएमा सुरक्षण रकमको ९० प्रतिशत र पशुधन स्थायी रुपले अनुत्पादक भएमा सुरक्षण रकमको ५० प्रतिशतका दरले बैंकमार्फत कोषले पशुपालक कृषकलाई क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था रहेको छ ।

## ११. सहुलियतपूर्ण कर्जा

### ११.१ सुरक्षण

प्रचलित कानून बमोजिम धितो सुरक्षण नलिई एकाघर वा सामूहिक जमानीमा वा धितो लिई कर्जा प्रदान गर्न योग्य ऋणीलाई सदस्य संस्थाले सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तर्गत प्रवाह गरेको कर्जा कोषमा सुरक्षण हुने व्यवस्था रहेको छ ।

### ११.२ संलग्न बैंक तथा वित्तीय संस्था

सहुलियतपूर्ण कर्जा कायक्रम अन्तर्गत ३५ वटा भन्दा बढी बैंक/वित्तीय संस्थाले कोषसंग संझौता गरी कर्जा सुरक्षण गर्दै आइरहेका छन् ।

### ११.३ कर्जा सुरक्षण सीमा

सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तर्गत बैंक तथा वित्तीय संस्थाले कोषसँग संझौता गरे पश्चात प्रदान गरेको देहाय वमोजिमको कर्जा रकम कोषमा सुरक्षण हुने व्यवस्था गरिएको छः

(क) विना धितो सामूहिक जमानीमा सदस्य संस्थाले प्रति व्यक्ति रु. १० लाख सम्म प्रदान गरेको कर्जा त्यस्तो कर्जा प्रदान भएको मितिदेखि नै कोषमा स्वतः सुरक्षण भएको मानिनेछ ।

(ख) शैक्षिक प्रमाणपत्र धितो जमानीमा लगानी गरेको कर्जामा प्रति व्यक्ति रु.७ लाख सम्म प्रदान गरेको कर्जा त्यस्तो कर्जा प्रदान भएको मितिदेखि नै कोषमा स्वतः सुरक्षण भएको मानिनेछ ।

(ग) धितो लिई सदस्य संस्थाले प्रति व्यक्ति रु. २० लाख सम्म प्रदान गरेको कर्जा प्रदान भएको मितिदेखि नै कोषमा सुरक्षण भएको मानिने छ ।

(घ) वैदेशिक रोजगारबाट सीप मूलक तालिम लिई फर्केका युवा तथा दलित समुदायका व्यक्तिलाई सामूहिक जमानी वा परियोजना धितो अन्तर्गत लगानी गरिएको कर्जाको हकमा रु. १० लाखसम्म प्रदान गरेको कर्जा त्यस्तो कर्जा प्रदान भएको मितिदेखि नै कोषमा स्वतः सुरक्षण भएको मानिनेछ ।

(ङ) कोषको पूर्व सहमति लिई महिलाहरुद्वारा प्रवर्द्धित लघु उद्यम कर्जाहरुमा परियोजना धिता वा, व्यक्तिगत वा सामूहिक जमानी समेत लिई दिइएको रु. १५ लाखसम्मको कर्जा प्रदान भएको मितिदेखि नै कोषमा सुरक्षण भएको मानिनेछ ।

### ११.४ सुरक्षण शुल्क

सहुलियतपूर्ण कर्जा अन्तर्गत सुरक्षण हुने कर्जाको बाँकी साँवा र व्याज रकमको वार्षिक ०.८% प्रति वर्षका दरले कोषलाई सुरक्षण शुल्क बुझाउनु पर्नेछ। निर्धारित ०.८% सुरक्षण शुल्क मध्ये सदस्य संस्थाले प्रत्येक वर्ष पौष र आषाढ मसान्तमा बाँकी रहने सावाँ र व्याज रकमको ०.४% प्रति वर्ष अर्थात ०.२% अर्धवार्षिकका दरले कर्जाको सुरक्षण शुल्क वापत सदस्य संस्थाले कोषलाई बुझाउनु पर्नेछ।

### ११.५ दाबी भुक्तानी

निर्धारित भुक्तानी म्यादभित्र कोषमा सुरक्षण भएका कर्जा असुल उपर हुन नसकेमा सो कर्जाको असुल उपर हुन बाँकी कर्जा रकम भुक्तानीको लागि बैंक तथा वित्तीय संस्थाल सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा उल्लेखित कार्यबिधि पुरा गरी कोषसंग दाबी गर्न सक्नेछन्। यसरी दाबी गरेको रकमको ७५% ले हुने रकम कोषले बैंक तथा वित्तीय संस्थालाई सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ को अधिनमा रही दाबी भुक्तानी गर्ने व्यवस्था रहेको छ।

## प्रमुख वित्तीय सूचकहरु:

आर्थिक वर्ष २०७६/७७ को प्रमुख वित्तीय सूचकहरु निम्नानुसार रहेका छन् :-

(रकम रु. हजारमा)

| शीर्षक | आर्थिक वर्ष | | वृद्धिदर (प्रतिशत) |
|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | |
| १. सुरक्षण प्रदान गरेको निक्षेप/कर्जा | ६२९,७५४,४१३ | ७५५,१७१,००९ | १९.९२ |
| (क) निक्षेप सुरक्षण | ६,०३३,८७२ | ६,८९४,८९६ | १४.२६ |
| (ख) पशुधन सुरक्षण | ६२५,३७४ | ५९३,१७८ | (५.१४) |
| (ग) साना तथा मझौला उद्यम कर्जा | १,२४२,६५३ | १,७४३,८२२ | ४०.३३ |
| (घ) कृषि कर्जा सुरक्षण | २,१९२,७६८ | २,३७४,७७९ | ८.३० |
| (ङ) लघु वित्त तथा विपन्न वर्ग कर्जा | २२,२४०,०११ | ५७,९८०,३९२ | १६०.७० |
| (च) सहुलियतपूर्ण कर्जा | ६६,४०७ | २,९८७,९८२ | ४३९९.४९ |
| (च) शैक्षिक तथा शैक्षिक बेरोजगार कर्जा | - | १२५० | - |
| २. सुरक्षण दस्तुर | १,१५७,३४७ | १,६४१,६४६ | ४१.८४ |
| (क) निक्षेप सुरक्षण | ९३१,१७४ | १,०५८,०५१ | १३.३६ |
| (ख) पशुधन सुरक्षण | ३७,६०४ | ३५,५९० | (५.३५) |
| (ग) साना तथा मझौला उद्यम कर्जा | ६,६६२ | ९,९८४ | ४९.८६ |
| (घ) कृषि कर्जा सुरक्षण | ११,१६८ | १३,७४८ | २३.१० |
| (ङ) लघु वित्त तथा विपन्न वर्ग कर्जा | १७०,७६९ | ५०२,५५२ | १९४.३३ |
| (छ) सहुलियतपूर्ण क्षेत्र | ० | २१,७०९ | - |
| (च) शैक्षिक तथा शैक्षिक बेरोजगार कर्जा | ० | ११ | - |
| ३. दाबी भुक्तानी | ६२,४३२ | ८६,४९७ | ३८.५४ |
| (क) निक्षेप सुरक्षण | - | - | - |
| (ख) पशुधन सुरक्षण | २५,९९३ | २३,०६१ | (११.२७) |
| (ग) साना तथा मझौला उद्यम कर्जा | - | २,१८९ | - |
| (घ) कृषि कर्जा सुरक्षण | - | - | - |
| (ङ) लघु वित्त तथा विपन्न वर्ग कर्जा | ३६,४३९ | ६१,२४६ | ६८.०७ |
| (च) शैक्षिक तथा शैक्षिक बेरोजगार कर्जा | - | - | - |
| ४. वित्तीय विवरण | | | |
| (क) कुल संचालन आय | १,१५७,३४७ | १,६४१,६४५ | ४१.८४ |
| (ख) कुल संचालन लागत | ६२,४३२ | ८६,४९७ | ३८.५४ |
| (ग) प्रशासनिक र अन्य खर्च | १३१,१३८ | १५०,१२९ | १४.४८ |
| (घ) लगानीबाट प्राप्त ब्याज आम्दानी | १,०८९,४३९ | १,२६३,४४६ | १५.९७ |
| (ङ) अन्य आय | ६,१४३ | ३३,६१३ | ४४७.१७ |
| (च) सञ्चालन नाफा (नोक्सान) | २,०५९,३५९ | २,७०२,०७९ | ३१.२० |
| ५. चुक्ता पूँजी | ९,८००,००० | १०,००,००० | २.०४ |
| ६. नेट वर्थ | १२,४३३,५५९ | १४,१३४,२७४ | १३.६७ |
| ७. स्थिर सम्पत्ति | २५६,३४४ | २८५,६२४ | ११.४२ |
| ८. लगानी | १०,७१२,९३६ | १३,९३५,६१५ | ३०.०८ |

## चालु आर्थिक वर्षको प्रथम छ महिनासम्मका उपलब्धीहरू

आर्थिक वर्ष २०७७/७८ को वार्षिक कार्यक्रम अनुसार २०७७ पौष मसान्तसम्मको प्रगति निम्नानुसार रहेको छ :-

(रकम रु. हजारमा)

| वित्तीय स्थिति | वार्षिक लक्ष्य २०७७/७८ | प्रगति २०७७ पौष मसान्त | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|
| **१. कूल सुरक्षण प्रदान गरेको निक्षेप/कर्जा** | ७७४,३२०,००० | ८३९,१५२,६८९ | १०८।३७ |
| (क) निक्षेप सुरक्षण | ७००,०००,००० | ७५७,५८७,०२४ | १०८.२३ |
| (ख) पशुधन सुरक्षण | ६००,००० | २४५,६२९ | ४०.९४ |
| (ग) साना तथा मझौला उद्यम कर्जा | २,०००,००० | २,४४२,८०५ | १२२.१४ |
| (घ) कृषि कर्जा सुरक्षण | २,७००,००० | २,१५२,८८७ | ७९.७४ |
| (ङ) लघु वित्त तथा विपन्न वर्ग कर्जा | ६५,०००,००० | ७०,८५१,४१५ | १०९.०० |
| (च) सहुलियत कर्जा सुरक्षण | ४,०००,००० | ५,८७१,३६५ | १४६.७८ |
| (छ) शैक्षिक तथा शैक्षिक बेरोजगार कर्जा | १०,००० | १,५६४ | १५.६४ |
| (ज) निर्यात कर्जा | १०,००० | - | - |
| २. सुरक्षण दस्तुर | १,७३८,४०० | १,००१,५२४ | ५७।६१ |
| (क) निक्षेप सुरक्षण | १,१२०,००० | ५८९,६७३ | ५२.६५ |
| (ख) पशुधन सुरक्षण | ३०,००० | १४,४५० | ४८.१७ |
| (ग) साना तथा मझौला उद्यम कर्जा | १२,००० | ७,३२८ | ६१.०७ |
| (घ) कृषि कर्जा सुरक्षण | १६,२०० | ६,४५९ | ३९.८७ |
| (ङ) लघु वित्त तथा विपन्न वर्ग कर्जा | ५२०,००० | ३५४,२५७ | ६८.१३ |
| (च) सहुलियत कर्जा सुरक्षण | ४०,००० | २९,३५७ | ७३.३८ |
| (छ) शैक्षिक तथा शैक्षिक बेरोजगार कर्जा | १०० | - | - |
| (ज) निर्यात कर्जा | १०० | - | - |
| ३. दाबी भुक्तानी | २१४,५०० | ६२,०२० | २८।९१ |
| (क) निक्षेप सुरक्षण | - | - | - |
| (ख) पशुधन सुरक्षण | २७,१०० | १४,१८४ | ५२.३४ |
| (ग) साना तथा मझौला उद्यम कर्जा | ७,००० | - | - |
| (घ) कृषि कर्जा सुरक्षण | १०,००० | - | - |
| (ङ) लघु वित्त तथा विपन्न वर्ग कर्जा | १५०,००० | ४७,८३६ | ३१.८९ |
| (च) सहुलियत कर्जा सुरक्षण | २०,००० | - | - |
| (छ) शैक्षिक तथा शैक्षिक बेरोजगार कर्जा | २०० | - | - |
| (ज) निर्यात कर्जा | २०० | - | - |
| ४. वित्तीय विवरण | | | |
| (क) कुल संचालन आय | १,७३८,४०० | १,००१,५२४ | ५७.६१ |
| (ख) कुल संचालन लागत | २१४,५०० | ६२,०२० | २८.९१ |
| (ग) प्रशासनिक र अन्य खर्च | १५१,६४५ | ३६,३०१ | २३.९४ |
| (घ) लगानीबाट प्राप्त ब्याज आम्दानी | ९६७,००० | ५७०,५८२ | ५९.०१ |
| (ङ) अन्य आय | २,१६० | ४,६७३ | २१६.३४ |
| (च) सञ्चालन नाफा (नोक्सान) | २,३४१,४१५ | १,४७८,४५८ | ६३.१३ |
| ५. चुक्ता पूँजी | १०,०००,००० | १०,०००,००० | १००.०० |
| ६. नेट वर्थ | १५,७४९,८५० | १५,१५८,८४५ | ९६.२५ |
| ७. स्थिर सम्पत्ति | ५२०,२०४ | ३७०,७०७ | ७१.२६ |
| ८. लगानी | १५,५५१,७७५ | १४,८९४,६६७ | ९५.७७ |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(सार्वजनिक संस्थान लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७७।७८
चलानी नम्बर: २४४

मिति: २०७७।१२।२०

श्री कार्यकारी अध्यक्षज्यु,
निक्षेप तथा कर्जा सुरक्षण कोष,
टंगाल, काठमाडौं ।

**विषय: स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन ।**

**लेखापरीक्षकको राय**

हामीले निक्षेप तथा कर्जा सुरक्षण कोषको यसै साथ संलग्न २०७७ आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक निक्षेप तथा कर्जा सुरक्षण कोषको २०७७ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

**कैफियत सहितको रायको आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारको रुपमा वित्तिय विवरणहरुमा सारभूत असर पार्ने कैफियत निम्नानुसार रहेको छ:

> नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाको मिति २०७४।१२।२९ च.नं. ५१८ को निर्देशन बमोजिम आ.व. २०७४/७५ मा कर्जा सुरक्षण कोषबाट ३८ करोड ६३ लाख र निक्षेप सुरक्षण कोषबाट २ अर्ब ५४ करोड ७७ लाख पुँजीकरण गरी चुक्ता पुँजी रु. २ अर्ब ९३ करोड ४० लाखले बृद्धि भएको छ, जुन निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ३९ (४) को कोषको रकम सुरक्षीत निक्षेपको दावी भुक्तानी वा सोध भर्ना बाहेक अन्य प्रयोजनमा खर्च गर्न नसकिने प्रावधान अनुसार रहेको छैन, जसका कारण कोषको शेयर पुँजी उल्लेखित रकमले बढी तथा कर्जा सुरक्षण कोष र निक्षेप सुरक्षण कोष उल्लेखित रकम बराबर घटी भएको छ ।

**मुख्य लेखापरिक्षण बिषयबस्तुहरु (Key Audit Matters)**

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयबस्तुहरु रहेको छैन।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वन र सञ्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविच्छिन्नताको रुपमा व्यवसायको बिशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविच्छिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भए तापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरु:

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**अन्य ऐन तथा नियमहरुको पालना उपर प्रतिवेदन:**

हामीलाई उपलब्ध जानकारी, स्पष्टिकरण, सूचनाहरु र हाम्रो लेखापरीक्षणको आधारमा निम्न अनुसार प्रतिवेदन पेश गर्दछौं:

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ उपलब्ध भयो।

ख) यस प्रतिवेदनसंग संलग्न वित्तिय विवरणहरु निक्षेप तथा कर्जा सुरक्षण ऐन, २०७३ र अन्य प्रचलित कानुन वमोजिम तयार भएको र कोषले राखेको लेखासँग दुरुस्त रहेको छ।

ग) हाम्रो रायमा कोषबाट पाएको विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन्।

घ) लेखापरीक्षणको सिलसिलामा पाएको सूचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कोषको हिसाब किताबको परीक्षणको आधारमा कोषको संचालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरति काम गरेको वा अनियमित कार्य गरेको वा कोषको सम्पत्ति हिनामिना गरेको वा विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

बाबुराम गौतम
उप महालेखापरीक्षक

**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**टंगाल, काठमाण्डौ**
**एकिकृत वित्तीय अवस्थाको विवरण**
**२०७७ आषाढ मसान्त**

| विवरण | टिप्पणी | आर्थिक वर्ष २०७६/७७ रकम रु. | आर्थिक वर्ष २०७५/७६ रकम रु. |
|---|---|---|---|
| सम्पति | | | |
| दीर्घकालिन सम्पत्ति | | | |
| सम्पत्ति तथा उपकरण | १ | २८०,५७७,०३९ | २५०,६२१,१६० |
| अमुर्त सम्पत्ति | १ | ५,०४७,००३ | ५,७२२,६४९ |
| जम्मा दीर्घकालिन सम्पत्ति | | २८५,६२४,०४२ | २५६,३४३,८०९ |
| वित्तिय सम्पत्ति | | | |
| वित्तिय सम्पत्ति - (शेयरमा लगानी) | २ | ५८२,६०० | २,२३४,००० |
| वित्तिय सम्पत्ति- (मुद्दती निक्षेप तथा विकास ऋणपत्रमा लगानी) | २ | १३,९३५,६१५,८३६ | १०,७१२,९३६,२३५ |
| अन्य वित्तीय सम्पत्ति | २ | ८५,०३०,४६३ | १२६,१०४,३०९ |
| जम्मा वित्तिय सम्पत्ति | | १४,०२१,२२८,८९९ | १०,८४१,२७४,५४४ |
| स्थगन आयकर सम्पत्ति | ५ | १०,६१८,६५० | - |
| चालु सम्पत्ति | | | |
| नगद तथा नगद समान | ३ | ४०३,९६२,२९६ | १,८३८,३२५,५३९ |
| मौज्दात | ४ | १,८२१,३११ | १,१४६,९५४ |
| चालु आयकर सम्पत्ति | ५ | ४३,८८०,१६२ | ८८,४२४,१३४ |
| जम्मा चालु सम्पत्ति | | ४४९,६६३,७६९ | १,९२७,८९६,६२८ |
| **जम्मा सम्पत्ति** | | १४,७६७,१३५,३६० | १३,०२५,५१४,९८१ |
| इक्विटी तथा दायित्व | | | |
| इक्विटी | | | |
| शेयर पूँजी | ६ | १०,०००,०००,००० | ९,८००,०००,००० |
| जगेडा, कोष तथा संचित नाफा | ७ | ४,१३४,२७३,९९५ | २,६३३,५५८,८४२ |
| **जम्मा इक्विटी** | | १४,१३४,२७३,९९५ | १२,४३३,५५८,८४२ |
| दीर्घकालिन दायित्व | | | |
| कर्मचारी अवकाश कोष तथा दायित्व | ८ | ५३१,२७४,४२९ | ५०३,७७०,८४३ |
| स्थगन आयकर दायित्व | ५ | - | ६,००७,११२ |
| जम्मा दीर्घकालिन दायित्व | | ५३१,२७४,४२९ | ५०९,७७७,९५५ |
| चालु दायित्व | | | |
| व्यापारिक तथा अन्य दायित्व | ९ | ९१,६३२,९८६ | ७४,९६३,८५० |
| कर्मचारी अवकाश कोष तथा दायित्व | ८ | ९,९५३,९५० | ७,२१४,३३५ |
| जम्मा चालु दायित्व | | १०१,५८६,९३६ | ८२,१७८,१८५ |
| **जम्मा दायित्व र इक्विटी** | | १४,७६७,१३५,३६० | १३,०२५,५१४,९८१ |

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विक्रान्त आचार्य<br>प्रवन्धक | उषा पौडेल<br>का.मु.ना.<br>प्रमुख कार्यकारी अधिकृत | विष्णु बाबु मिश्र<br>प्रमुख कार्यकारी अधिकृत | सञ्चालकहरु<br>मान बहादुर अर्याल<br>शिवादेवी दाहाल<br>सुमन कुमार अधिकारी<br>उपेन्द्र कुमार पौडेल<br>प्रकाशजंग थापा | अध्यक्ष<br>रामशरण पुडासैनी | सि.ए. मदन कुमार निरौला<br>मदन निरौला एण्ड क.<br>चार्टड एकाउण्टेण्ट्स | बाबुराम गौतम<br>उप महालेखापरिक्षक |

मिति : २०७७/९/२९
स्थान : काठमाण्डौ

**निक्षेप तथा कर्जा सुरक्षण कोष**

**टंगाल, काठमाण्डौ**

**२०७६ श्रावण १ गतेदेखि २०७७ आषाढ मसान्तसम्मको**

**एकिकृत आय विवरण**

| विवरण | टिप्पणी | आर्थिक वर्ष २०७६/७७ रकम रु. | आर्थिक वर्ष २०७५/७६ रकम रु. |
|---|---|---|---|
| सुरक्षण शुल्क आम्दानी | १० | १,६४१,६४५,९८५ | १,१५७,३४६,६४९ |
| व्याज आम्दानी | १० | १,२६३,४४५,५७८ | १,०८९,४३९,११५ |
| विविध आम्दानी | १० | ३३,६१३,३८९ | ६,१४३,३५० |
| **जम्मा आम्दानी** | | २,९३८,७०४,९५२ | २,२५२,९२९,११४ |
| संचालन खर्च | | | |
| कर्मचारी सम्बन्धी खर्च | ११ | (४७,४२३,२८३) | (४०,२०८,३९०) |
| अन्य प्रशासनिक खर्च | १२ | (१५७,७३६,२१९) | (१५३,३६१,३५६) |
| जम्मा संचालन खर्च | | (२०५,१५९,५०२) | (१९३,५६९,७४६) |
| | | | |
| **खुद संचालन आम्दानी** | | २,७३३,५४५,४५० | २,०५९,३५९,३६८ |
| वित्तीय खर्च | १३ | (३१,४६६,४२१) | - |
| संचालनबाट नाफा/(नोक्सान) | | २,७०२,०७९,०३० | २,०५९,३५९,३६८ |
| कर्मचारी बोनस व्यवस्था | १४ | (२७,०२०,७९०) | (२०,५९३,५९४) |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | | २,६७५,०५८,२३९ | २,०३८,७६५,७७५ |
| आयकर खर्च | | (८०३,९०८,३०६) | (६५२,४७५,५९६) |
| चालु आयकर खर्च | | (८२०,५३४,०६८) | (६४४,७६३,३४६) |
| स्थगन कर | | १६,६२५,७६२ | (७,७१२,२५०) |
| **यस वर्षको नाफा** | | १,८७१,१४९,९३३ | १,३८६,२९०,१७९ |
| **आम्दानी प्रति शेयर** | | | |
| आधारभुत आम्दानी प्रति शेयर | | | |
| समायोजित आम्दानी प्रति शेयर | | | |

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विक्रान्त आचार्य<br>प्रवन्धक | उषा पौडेल<br>का.मु.ना.<br>प्रमुख कार्यकारी अधिकृत | विष्णु बाबु मिश्र<br>प्रमुख कार्यकारी अधिकृत | सञ्चालकहरु<br>मान बहादुर अर्याल<br>शिवादेवी दाहाल<br>सुमन कुमार अधिकारी<br>उपेन्द्र कुमार पौडेल<br>प्रकाशजंग थापा | अध्यक्ष<br>रामशरण पुडासैनी | सि.ए. मदन कुमार निरौला<br>मदन निरौला एण्ड क.<br>चार्टड एकाउण्टेण्ट्स | बाबुराम गौतम<br>उप महालेखापरिक्षक |

मिति : २०७७/९/२९
स्थान : काठमाण्डौ

**निक्षेप तथा कर्जा सुरक्षण कोष**

**टंगाल, काठमाण्डौ**

**२०७६ श्रावण १ गतेदेखि २०७७ आषाढ मसान्तसम्मको**

## एकिकृत अन्य विस्तृत आम्दानीको विवरण

| विवरण | आर्थिक वर्ष | |
|---|---|---|
| | २०७६/७७ रकम रु. | २०७५/७६ रकम रु. |
| यस वर्षको नाफा | १,८७१,१४९,९३३ | १,३८६,२९०,१७९ |
| पुनर्मुल्याङ्कन नाफा र (नोकसान) वित्तिय लगानी (FVOCI) | २६३,२०० | ४,३७८,०७० |
| पुनर्मुल्याङ्कन नाफा र (नोकसान) कर्मचारी अवकाश सुविधा | (१,८१६,४४७) | |
| **जम्मा अन्य विस्तृत आम्दानी** | (१,५५३,२४७) | ४,३७८,०७० |
| अन्य विस्तृत आम्दानीसंग आधारीत आयकर | - | - |
| कुल विस्तृत आम्दानी (खुद आयकर पछि) | (१,५५३,२४७) | ४,३७८,०७० |
| | | |
| **यस वर्षको जम्मा विस्तृत आम्दानी** | १,८६९,५९६,६८६ | १,३९०,६६८,२४९ |

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

विक्रान्त आचार्य
प्रवन्धक

उषा पौडेल
का.मु.ना.
प्रमुख कार्यकारी अधिकृत

विष्णु बाबु मिश्र
प्रमुख कार्यकारी अधिकृत

सञ्चालकहरु
मान बहादुर अर्याल
शिवादेवी दाहाल
सुमन कुमार अधिकारी
उपेन्द्र कुमार पौडेल
प्रकाशजंग थापा

अध्यक्ष
रामशरण पुडासैनी

सि.ए. मदन कुमार निरौला
मदन निरौला एण्ड क.
चार्टड एकाउण्टेण्ट्स

बाबुराम गौतम
उप महालेखापरिक्षक

मिति : २०७७/९/२९

स्थान : काठमाण्डौ

**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**टंगाल, काठमाण्डौ**
**२०७६ श्रावण १ गतेदेखि २०७७ आषाढ मसान्तसम्मको**
**निक्षेप कोषको आय विवरण**

| विवरण | टिप्पणी | आर्थिक वर्ष २०७६/७७ रकम रु. | आर्थिक वर्ष २०७५/७६ रकम रु. |
|---|---|---|---|
| सुरक्षण शुल्क आम्दानी | १० | १,०५८,०५१,१२५ | ९३१,१७३,९२३ |
| व्याज आम्दानी | १० | ६३१,७२२,७८९ | ५४४,७१९,५५७ |
| विविध आम्दानी | १० | १४,८०५,३८७ | |
| जम्मा आम्दानी | | १,७०४,५७९,३०१ | १,४७५,८९३,४८१ |
| संचालन खर्च | | | |
| कर्मचारी सम्बन्धी खर्च | ११ | (१४,२२६,९८५) | (१२,०६२,५१७) |
| अन्य प्रशासनिक खर्च | १२ | (१९,९५२,३३१) | (१०,४६९,७४१) |
| जम्मा संचालन खर्च | | (३४,१७९,३१६) | (२२,५३२,२५८) |
| खुद संचालन आम्दानी | | १,६७०,३९९,९८५ | १,४५३,३६१,२२३ |
| वित्तीय खर्च | १३ | (९,४३९,९२६) | |
| संचालनबाट नाफा/(नोक्सान) | | १,६६०,९६०,०५९ | १,४५३,३६१,२२३ |
| कर्मचारी बोनस व्यवस्था | १४ | | |
| आयकर कट्टी गर्नु अघिको नाफा | | १,६६०,९६०,०५९ | १,४५३,३६१,२२३ |

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विक्रान्त आचार्य | उषा पौडेल | विष्णु बाबु मिश्र | सञ्चालकहरु | अध्यक्ष | सि.ए. मदन कुमार निरौला | बाबुराम गौतम |
| प्रवन्धक | का.मु.ना. प्रमुख कार्यकारी अधिकृत | प्रमुख कार्यकारी अधिकृत | मान बहादुर अर्याल<br>शिवादेवी दाहाल<br>सुमन कुमार अधिकारी<br>उपेन्द्र कुमार पौडेल<br>प्रकाशजंग थापा | रामशरण पुडासैनी | मदन निरौला एण्ड क.<br>चार्टड एकाउण्टेण्ट्स | उप महालेखापरिक्षक |

मिति : २०७७/९/२९
स्थान : काठमाण्डौ

**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**टंगाल, काठमाण्डौ**
**२०७६ श्रावण १ गतेदेखि २०७७ आषाढ मसान्तसम्मको**
**निक्षेप कोषको अन्य विस्तृत आम्दानीको विवरण**

| विवरण | आर्थिक वर्ष | |
|---|---|---|
| | २०७६/७७ रकम रु. | २०७५/७६ रकम रु. |
| यस वर्षको नाफा | १,६६०,९६०,०५९ | १,४५३,३६१,२२३ |
| पुनर्मुल्याङ्कन नाफा / (नोकसान) वित्तिय लगानी (FVOCI) | १३१,६०० | २,१८९,०३५ |
| पुनर्मुल्याङ्कन नाफा / (नोकसान) कर्मचारी अवकाश सुविधा | (५४४,९३४) | |
| जम्मा अन्य विस्तृत आम्दानी | (४१३,३३४) | २,१८९,०३५ |
| अन्य विस्तृत आम्दानीसंग आधारीत आयकर | - | |
| कुल विस्तृत आम्दानी (खुद आयकर पछि) | (४१३,३३४) | २,१८९,०३५ |
| | | |
| **यस वर्षको जम्मा विस्तृत आम्दानी** | १,६६०,५४६,७२५ | १,४५५,५५०,२५८ |

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विक्रान्त आचार्य<br>प्रवन्धक | उषा पौडेल<br>का.मु.ना.<br>प्रमुख कार्यकारी अधिकृत | विष्णु बाबु मिश्र<br>प्रमुख कार्यकारी अधिकृत | सञ्चालकहरु<br>मान बहादुर अर्याल<br>शिवादेवी दाहाल<br>सुमन कुमार अधिकारी<br>उपेन्द्र कुमार पौडेल<br>प्रकाशजंग थापा | अध्यक्ष<br>रामशरण पुडासैनी | सि.ए. मदन कुमार निरौला<br>मदन निरौला एण्ड क.<br>चार्टड एकाउण्टेण्ट्स | बाबुराम गौतम<br>उप महालेखापरिक्षक |

मिति : २०७७/९/२९
स्थान : काठमाण्डौ

**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**टंगाल, काठमाण्डौ**
**२०७६ श्रावण १ गतेदेखि २०७७ आषाढ मसान्तसम्मको**
**कर्जा कोषको आय विवरण**

| विवरण | टिप्पणी | आर्थिक वर्ष | |
|---|---|---|---|
| | | २०७६/७७ रकम रु. | २०७५/७६ रकम रु. |
| सुरक्षण शुल्क आम्दानी | १० | ५८३,५९४,८६० | २२६,१७२,७२६ |
| व्याज आम्दानी | १० | ६३१,७२२,७८९ | ५४४,७१९,५५७ |
| विविध आम्दानी | १० | १८,८०८,००३ | ६,१४३,३५० |
| **जम्मा आम्दानी** | | १,२३४,१२५,६५१ | ७७७,०३५,६३३ |
| **संचालन खर्च** | | | |
| कर्मचारी सम्बन्धी खर्च | ११ | (३३,१९६,२९८) | (२८,१४५,८७३) |
| अन्य प्रशासनिक खर्च | १२ | (१३७,७८३,८८८) | (१४२,८९१,६१५) |
| जम्मा संचालन खर्च | | (१७०,९८०,१८६) | (१७१,०३७,४८८) |
| **खुद संचालन आम्दानी** | | १,०६३,१४५,४६५ | ६०५,९९८,१४६ |
| वित्तीय खर्च | १३ | (२२,०२६,४९४) | |
| संचालनबाट नाफा/(नोक्सान) | | १,०४१,११८,९७१ | ६०५,९९८,१४६ |
| कर्मचारी बोनस व्यवस्था | १४ | | |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | | १,०४१,११८,९७१ | ६०५,९९८,१४६ |

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विक्रान्त आचार्य | उषा पौडेल | विष्णु बाबु मिश्र | सञ्चालकहरु | अध्यक्ष | सि.ए. मदन कुमार निरौला | बाबुराम गौतम |
| प्रवन्धक | का.मु.ना. | प्रमुख कार्यकारी अधिकृत | मान बहादुर अर्याल | रामशरण पुडासैनी | मदन निरौला एण्ड क. | उप महालेखापरिक्षक |
| | प्रमुख कार्यकारी अधिकृत | | शिवादेवी दाहाल | | चार्टड एकाउण्टेण्ट्स | |
| | | | सुमन कुमार अधिकारी | | | |
| | | | उपेन्द्र कुमार पौडेल | | | |
| | | | प्रकाशजंग थापा | | | |

मिति : २०७७/९/२९
स्थान : काठमाण्डौ

**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**टंगाल, काठमाण्डौ**
**२०७६ श्रावण १ गतेदेखि २०७७ आषाढ मसान्तसम्मको**
**कर्जा कोषको अन्य विस्तृत आम्दानीको विवरण**

| विवरण | आर्थिक वर्ष | |
|---|---|---|
| | २०७६/७७ रकम रु. | २०७५/७६ रकम रु. |
| यस वर्षको नाफा | १,०४१,११८,९७१ | ६०५,९९८,१४६ |
| पुनर्मुल्याङ्कन नाफा/(नोकसान) वित्तिय लगानी (FVOCI) | १३१,६०० | २,१८९,०३५ |
| पुनर्मुल्याङ्कन नाफा / (नोकसान) कर्मचारी अवकाश सुविधा | (१,२७१,५१३) | |
| जम्मा अन्य विस्तृत आम्दानी | (१,१३९,९१३) | २,१८९,०३५ |
| अन्य विस्तृत आम्दानासंग आधारीत आयकर | | |
| कुल विस्तृत आम्दानी (खुद आयकर पछि) | (१,१३९,९१३) | २,१८९,०३५ |
| | | |
| **यस वर्षको जम्मा विस्तृत आम्दानी** | १,०३९,९७९,०५८ | ६०८,१८७,१८१ |

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विक्रान्त आचार्य | उषा पौडेल | विष्णु बाबु मिश्र | सञ्चालकहरु | अध्यक्ष | सि.ए. मदन कुमार निरौला | बाबुराम गौतम |
| प्रवन्धक | का.मु.ना. प्रमुख कार्यकारी अधिकृत | प्रमुख कार्यकारी अधिकृत | मान बहादुर अर्याल | रामशरण पुडासैनी | मदन निरौला एण्ड क. | उप महालेखापरिक्षक |
| | | | शिवादेवी दाहाल | | चार्टड एकाउण्टेण्ट्स | |
| | | | सुमन कुमार अधिकारी | | | |
| | | | उपेन्द्र कुमार पौडेल | | | |
| | | | प्रकाशजंग थापा | | | |

मिति : २०७७/९/२९
स्थान : काठमाण्डौ

## निक्षेप तथा कर्जा सुरक्षण कोष
## टंगाल, काठमाण्डौ
## २०७६ श्रावण १ गतेदेखि २०७७ आषाढ मसान्तसम्मको
## नगद प्रवाह विवरण

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| **सञ्चालन गतिविधिको नगद प्रवाह** | | |
| आयकर तथा असाधारण आम्दानी खर्च अघिको नाफा | २,६७५,०५८,२३९ | २,०३८,७६५,७७५ |
| समायोजन | | |
| ह्रास कट्टी | २,९७२,१०९ | ३,००५,८७३ |
| एमोर्टटाइजेसन खर्च | १,४८९,२४६ | १,४३५,००६ |
| सम्पती अपलेखन | ५३७,२२४ | |
| बोनस व्यवस्था | २७,०२०,७९० | २०,५९३,५९४ |
| स्थगन कर | (१६,६२५,७६२) | ७,७१२,२५० |
| शेयर बिक्रिमा नाफा | (६,४८२,१८९) | (१,२९८,९८२) |
| मुद्दती र विकास ऋणपत्र लगानीबाट व्याज आम्दानी | (१,२६३,४४५,५७८) | (१,०८९,४३९,११५) |
| लाभांश आम्दानी | (६६४,५११) | |
| कर्मचारीको सृजित कोष रकम | (६,२१८,२६३) | |
| गत साल सँग सम्बन्धित कर | (३६८,८८१,५३१) | (२४,३१५,७६४) |
| कार्यशील पूंजी परिवर्तन अघिको नगद प्रवाह | १,०४४,७५९,७७५ | ९५६,४५८,६३७ |
| जिन्सी मौज्दात कमी/(बृद्धि) | (६७४,३५७) | ३५३,१४० |
| अग्रिम भुक्तानी तथा पेश्की सापटी, धरौटी भएको कमी/(बृद्धि) | २४,११५,१८४ | १९०,४६७,४०८ |
| चालु दायित्वमा भएका बृद्धि/(कमी) | २४,२९३,३६३ | १९,४६३,५६५ |
| आयकर तथा व्याज भुक्तानी अघिको नगद प्रवाह | १,०९२,४९३,९६५ | १,१६६,७४२,७४९ |
| आयकर भुक्तानी | (७५९,३६४,३३४) | (६५२,४७५,५९६) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | ३३३,१२९,६३१ | ५१४,२६७,१५३ |
| **लगानी गतिविधिको नगद प्रवाह** | | |
| स्थिर सम्पत्ति (खरिद) | (३४,२७८,८१२) | (२३६,५१२,३७३) |
| सम्पत्ति विकि | | १,७००,००० |
| खुद शेयर विकि | ८,३९६,७८९ | |
| लाभांश प्राप्ती | ६६४,५११ | |
| लगानी कमी/(बृद्धि) | (३,२२२,६७९,६००) | (१,५१३,३३२,९१३) |
| मुद्दती र विकास ऋणपत्र लगानीबाट व्याज प्राप्ती | १,२८०,४०४,२४० | १,०८९,४३९,११५ |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)** | (१,९६७,४९२,८७३) | (६५८,७०६,१७१) |
| | | |
| वित्तीय गतिविधिको नगद प्रवाह | | |
| शेयर पूँजीको निष्काशन | २००,०००,००० | १,८००,०००,००० |
| निक्षेप सुरक्षण कोष | - | - |
| निक्षेप सुरक्षण जोखिम कोष | - | - |
| कर्जा सुरक्षण कोष | - | - |
| अन्य कोष | - | ४,३७८,०७० |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | २००,०००,००० | १,८०४,३७८,०७० |
| नगदमा भएको कुल बृद्धि/(कमी) (क+ख+ग) | (१,४३४,३६३,२४४) | १,६५९,९३९,०५२ |
| वर्षारम्भको नगद तथा बैंक मौज्दात | १,८३८,३२५,५३९ | १७८,३८६,४८७ |
| **बर्षान्तमा नगद तथा बैंक मौज्दात** | ४०३,९६२,२९६ | १,८३८,३२५,५३९ |

हाम्रो आजको मितिको प्रतिवेदन अनुसार

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विक्रान्त आचार्य | उषा पौडेल | विष्णु बाबु मिश्र | सञ्चालकहरु | अध्यक्ष | सि.ए. मदन कुमार निरौला | बाबुराम गौतम |
| प्रवन्धक | का.मु.ना. प्रमुख कार्यकारी अधिकृत | प्रमुख कार्यकारी अधिकृत | मान बहादुर अर्याल<br>शिवादेवी दाहाल<br>सुमन कुमार अधिकारी<br>उपेन्द्र कुमार पौडेल<br>प्रकाशजंग थापा | रामशरण पुडासैनी | मदन निरौला एण्ड क.<br>चार्टड एकाउण्टेण्ट्स | उप महालेखापरिक्षक |

मिति : २०७७/९/२९
स्थान : काठमाण्डौ

# निक्षेप तथा कर्जा सुरक्षण कोष
## टंगाल, काठमाण्डौ
## २०७७ आषाढ मसान्त
## इक्वीटीमा भएको परिवर्तनको विवरण

| विवरण | शेयर पूंजी | साधारण जगेडा कोष | कर्जा सुरक्षण कोष | निक्षेप सुरक्षण कोष | निक्षेप सुरक्षण जोखिम कोष | बिमाक्तकीय पुर्नमुल्याक्तन कोष | पुनर्मुल्याक्तन नाफा र (नोक्सान) वित्तिय लगानी | संचित नाफा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| साउन १, २०७६ को मौज्दात | ९,८००,०००,००० | २७६,०६९,४७५ | ३९६,८३४,९१७ | ८८२,३२६,०३७ | ८१२,८५६,४६२ | ४,३७८,०७० | | २६१,०९३,८८० | १२,४३३,५५८,८४२ |
| पुर्न प्रस्तुतीकरण | | | | | | | | | - |
| साउन १, २०७६को पुर्न प्रस्तुतीकरण मौज्दात | ९,८००,०००,००० | २७६,०६९,४७५ | ३९६,८३४,९१७ | ८८२,३२६,०३७ | ८१२,८५६,४६२ | ४,३७८,०७० | | २६१,०९३,८८० | १२,४३३,५५८,८४२ |
| गत बर्षको आयकर रकम समायोजन | | | | | | | | (३६८,८८१,५३१) | (३६८,८८१,५३१) |
| यस आ.व को कुल नाफा | | | | | | | | १,८७१,१४९,९३३ | १,८७१,१४९,९३३ |
| नयाँ शेयर थप | २००,०००,००० | | | | | | | | २००,०००,००० |
| निक्षेप सुरक्षण कोषमा विनियोजित रकम | | | | | | | | | - |
| निक्षेप सुरक्षण जोखिम कोषमा विनियोजित रकम | | | | | १,०१४,४३१,८८३ | | | (१,०१४,४३१,८८३) | - |
| कर्जा सुरक्षण कोषमा विनियोजित रकम | | | ५८७,५९७,४७६ | | | | | (५८७,५९७,४७६) | - |
| पुनर्मुल्याङ्कन नाफा र (नोकसान) वित्तिय लगानी | | | | | | | २६३,२०० | | २६३,२०० |
| अन्य व्यापक आम्दानीबाट सृजित कर्मचारी कोष रकम | | | | | | (१,८१६,४४७) | | | (१,८१६,४४७) |
| **असार ३१, २०७७ को मौज्दात** | १०,०००,०००,००० | २७६,०६९,४७५ | ९८४,४३२,३९२ | ८८२,३२६,०३७ | १,८२७,२८८,३४५ | २,५६१,६२३ | २६३,२०० | १६१,३३२,९२३ | १४,१३४,२७३,९९५ |

विक्रान्त आचार्य
प्रवन्धक

उषा पौडेल
का.मु.ना.
प्रमुख कार्यकारी अधिकृत

विष्णु बाबु मिश्र
प्रमुख कार्यकारी अधिकृत

सञ्चालकहरु
मान बहादुर अर्याल
शिवादेवी दाहाल
सुमन कुमार अधिकारी
उपेन्द्र कुमार पौडेल
प्रकाशजंग थापा

अध्यक्ष
रामशरण पुडासैनी

सि.ए. मदन कुमार निरौला
मदन निरौला एण्ड क.
चार्टड एकाउण्टेण्ट्स

बाबुराम गौतम
उप महालेखापरिक्षक

मिति : २०७७/९/२९
स्थान : काठमाण्डौ

# निक्षेप तथा कर्जा सुरक्षण कोष
# आ.व. २०७६।७७
# वित्तीय विवरणसँग सम्बन्धित प्रमुख नीति तथा टिप्पणीहरु

**संस्था सम्बन्धी सामान्य जानकारी:**

कुनै पनि बैक तथा वित्तीय संस्थामा सर्वसाधारणको बचत तथा मुद्दती खातामा रहेको निक्षेप तथा वित्तीय संस्थाले प्रवाह गरेको विभिन्न किसिमका कर्जा तथा लगानीको सुरक्षण गर्ने र यसमा कुनै हानी नोक्सानी भएमा क्षतिपुर्ति दिने उद्देश्यले निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन अर्न्तगत वि.सं. २०७३ आश्विन १८ गते निक्षेप तथा कर्जा सुरक्षण कोष को स्थापना भएको हो । यस कोष स्थापना हुन अगाडी कम्पनी ऐन, २०६३ बमोजिम निक्षेप तथा कर्जा सुरक्षण निगम प्रा.लि. को नामबाट यस कोषले निक्षेप तथा कर्जा सुरक्षण सम्बन्धी कार्य गर्दै आएको थियो । कोष स्थापना गर्दा उक्त निक्षेप तथा कर्जा सुरक्षण निगम प्रा.लि. को नाममा रहेको चल अचल सम्पत्ति लगायतको जायजेथा दायित्व र निगममा कार्यरत कर्मचारी स्वतः कोषमा परिणत हुन गएको अवस्था रहेको छ । यसको केन्द्रिय कार्यालय काठमाण्डौमा र शाखा कार्यालयहरु विराटनगर, जनकपुर, भरतपुर, पोखरा, बुटवल, सुर्खेत र धनगढीमा रहेका छन् ।

**वित्तीय विवरण तयारीका आधारहरु:**

कोषको आर्थिक विवरणहरु ऐतिहासिक मूल्य अवधारणा (अन्यथा उल्लेख भएको बाहेक), नेपाल वित्तीय प्रतिवेदन मानक तथा लेखाका सर्वमान्य सिद्धान्त बमोजिम तयार गरिएका छन् ।

वित्तीय विवरणहरू प्रोदभावी (Accrual) तथा निरन्तर अवधारणा (Going Concern) अवधारणामा लेखाङ्कन गरी तयार गरिएको छ ।

कोषले आफ्नो वित्तीय विवरणहरू तयार गर्दा प्रकृति वा मात्रा वा दुवैको आधार मा Materiality को निर्धारण गर्ने गर्दछ । वित्तीय विवरणको प्रस्तुतिमा Materiality एउटा Pervasive Constraint हो, जुन गुणात्मक चरित्रको रिपोर्टिङको लागि सान्दर्भिक हुन्छ ।

गत वर्षको अंकहरुलाई आवश्यकता अनुसार पुनःवर्गीकरण तथा पुनःसमूहीकरण गरिएका छन् ।

प्रस्तुत वित्तीय विवरण कोषको सञ्चालक समितिको मिति २०७७ साल पौष २९ गते बसेको बैठकबाट पारित गरिएको छ ।

वित्तीय विवरणको प्रस्तुतीमा निम्न लिखित लेखा नीति तथा टिप्पणीहरु अवलम्बन गरिएको छ ।

**१. दीर्घकालिन सम्पत्तिहरु :**

**क) सम्पत्ति तथा उपकरण (Property, plant and Equipment) :**

सम्पत्ति तथा उपकरण भन्नाले त्यस्ता भौतिक सम्पत्ति तथा उपकरणहरु हुन जसको अवधि १ वर्ष भन्दा बढि हुन्छ र साथै यस्ता सम्पत्ति तथा उपकरण उत्पादन र प्रशासनिक कार्यमा प्रयोग गरिन्छ ।

संस्थामा सो सम्पत्ति तथा उपकरण प्रयोग गर्दा संभाव्य भविष्यका आर्थिक लाभहरु प्रवाह हुन सक्ने भएमा र मुल्य निधार्रण गर्न सकिने भएमा सम्पत्ति तथा उपकरणमा लेखाङ्कन गरिन्छ । सम्पत्ति तथा उपकरण सुरुवातमा मापन गर्दा लागत (Cost) मुल्यमा मापन गरिन्छ । लागतका तत्वहरुमा खरिद मुल्य, आयात कर तथा अन्य फिर्ता नहुने खरिद करहरु (जसबाट व्यापारिक छुटहरु घटाइन्छ) पर्दछन ।

सम्पत्तिको ह्रासयोग्य रकमको निर्धारण गर्दा कोषले सम्पत्तिको प्रयोग अवधिको आधारमा ह्रासदर कायम गरेको छ ।

| सम्पत्तिको विवरण | जग्गा | भवन | कार्यालय सामान | कार्यालय परिवहन | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| | रकम रु. | रकम रु. | रकम रु. | रकम रु. | रकम रु. | रकम रु. |
| २०७६/४/१ को शुरु मौज्दात | २२०,९२६,९४९ | १,४०५,६१५ | १०,५४२,९५० | १४,७४९,८७४ | १०४,८२४ | **२४७,७३०,२१२** |
| यस वर्षको थप | - | | १,१९१,६८९ | - | ७,४०० | **१,१९९,०८९** |
| विक्री/अपलेखन | | | २,७८४,५०२ | - | ३१,४४४ | **२,८१५,९४५** |
| **जम्मा** | **२२०,९२६,९४९** | **१,४०५,६१५** | **८,९५०,१३८** | **१४,७४९,८७४** | **८०,७८१** | **२४६,११३,३५६** |
| **ह्रास कट्टी** | | | | | | |
| २०७६/४/१ सम्मको ह्रास कट्टी | | - | ६,२०५,६३० | ४,२२७,४५३ | ४६,०२८ | **१०,४७९,१११** |
| विक्री/अपलेखन | | | २,२६३,२९५ | - | १५,४२६ | **२,२७८,७२१** |
| यस वर्षको ह्रास कट्टी | | | ८६०,४६८ | २,१०४,४८४ | ७,१५७ | **२,९७२,१०९** |
| जम्मा ह्रास कट्टी | - | - | **४,८०२,८०३** | **६,३३१,९३७** | **३७,७५८** | **११,१७२,४९८** |
| | | | | | | |
| २०७७/३/३१ अनुसार घट्दो क्रममा ह्रास | **२२०,९२६,९४९** | **१,४०५,६१५** | **४,१४७,३३५** | **८,४१७,९३७** | **४३,०२३** | **२३४,९४०,८५८** |
| **Capital WIP २०७७/३/३१** | | ४५,६३६,१८१ | | | | **४५,६३६,१८१** |
| **२०७६/३/३१ अनुसार घट्दो क्रममा ह्रास** | **२२०,९२६,९४९** | **१,४०५,६१५** | **४,३३७,३२०** | **१०,५२२,४२१** | **५८,७९७** | **२३७,२५१,१०१** |

- दीर्घकालिन सम्पत्ति भवनमा देखीएको रकम रु ४५,६३६,१८१ Capital Work in Progress मा निर्माण व्यवसायीलाई मोबिलाइजेसन वापत दिएको अग्रिम भुक्तानी रकम रु.१४,४००,४२६ समावेश भएको छ र सो Capital Work in Progress को ह्रासकट्टी गरीएको छैन ।
- टुटफुट भएको र प्रयोग गर्न नमिल्ने समान रु ५३५,२२३ को सम्पत्ति अपलेखन गरिएको छ ।

## ख) अमुर्त सम्पत्ति (Intangiable Assets)

अमुर्त सम्पत्ति भन्नाले भौतिक अस्तित्व नभएको पहिचान योग्य अमौद्रिक सम्पत्ति बुझिनेछ। निम्न शर्तहरु पूरा गरेमा सम्पत्ति अमुर्त सम्पत्तिको रुपमा पहिचान योग्य भएको मानिन्छ :

- सम्पत्तिलाई अलग्याउन मिल्ने, अर्थात संस्थाबाट अलग वा विभाजन गरी एकल वा सामुहिक रुपमा सम्बन्धित करार, पहिचान योग्य सम्पत्ति वा दायित्व सँग बिक्रि, हस्तान्तरण, इजाजतप्रदान, वहाल वा विनिमय गर्न सकिने भएमा,
- करार वा अन्य कानुनी अधिकारबाट उत्पन्न हुने भएमा त्यस्ता अधिकार संस्थाबाट वा अन्य अधिकार र दायित्वबाट अलग गर्न वा हस्तान्तरण गर्न सकिने वा नसकिने कुराले पहिचान योग्यतामा असर नपर्ने ।

| सम्पत्तिको विवरण | सफ्टवेयर | जम्मा रकम रु. |
|---|---|---|
| | रकम रु. | |
| २०७६/४/१ को शुरु मौज्दात | ७,२३५,९३७ | ७,२३५,९३७ |
| यस वर्षको थप | ८१३,६०० | ८१३,६०० |
| विक्री/अपलेखन | | |
| **जम्मा** | **८,०४९,५३७** | **८,०४९,५३७** |
| **ह्रास कट्टी** | | |
| २०७६/४/१ सम्मको ह्रास कट्टी | १,५१३,२८८ | १,५१३,२८८ |
| विक्री/अपलेखन | | |
| यस वर्षको ह्रास कट्टी | १,४८९,२४६ | १,४८९,२४६ |
| जम्मा ह्रास कट्टी | **३,००२,५३४** | **३,००२,५३४** |
| | | |
| २०७७/३/३१ अनुसार घट्दो क्रममा ह्रास | **५,०४७,००३** | **५,०४७,००३** |
| | | |
| २०७६/३/३१ अनुसार घट्दो क्रममा ह्रास | **५,७२२,६४९** | **५,७२२,६४९** |

## २. वित्तीय सम्पत्तिहरु:

**लेखांकन नीति:**

वित्तीय सम्पत्तिको लगानी लेखांकन नीति :

- वित्तीय सम्पत्तिमा गरिएको लगानी लाई प्रारम्भिक लेखाङ्कन ाबष्च खबगिभ  मा गर्ने नीति अवलम्बन गरिएको छ।
